# ताादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### खरानीटार, नुवाकोट

पाँचौ गाउँसभामा अध्यक्ष ज्यू बाट
आ.व २०७६/०७७ को लागि
प्रस्तुत बजेट बक्तब्य, नीति तथा कार्यक्रम

२०७६/०३/१०

सम्मानित सभाका सदस्य ज्यूहरु,

यस पाँचौ गाउँसभामा गाउँपालिकाको तर्फबाट गाउँपालिकाको समष्टिगत दिगो विकासको लागि आ.व २०७६/०७७ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न यस गरिमामय सभामा यहांहरु सामु म उपस्थित भएको छु । गाउँपालिकाको दिगो विकासको मार्गचित्ररुपी यो नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा मलाई ज्यादै खुशी लागेको छ । मलाई आशा एबं विस्वास छ की यो नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन मार्फत हामीले देखेको आत्मनिर्भर, समुन्नत र समुद्ध तादीको सपना साकार हुनेछ । नेपालको बर्तमान संबिधानले स्थानीय तहलाई स्थानीय सरकारको रुपमा अधिकार प्रदान गरेको परिप्रेक्षमा हामीले यस क्षेत्रका जनतालाई नजिकको सरकारको अनुभुति दिलाउनु तपाई हामी सबैको जिम्मेवारी र दायित्व रहेको म अवगत गराउन चाहान्छु ।

तादी गाउँपालिका क्षेत्र भु - धरातलीय दृष्टिकोणबाट केहि नमिलेको भएता पनि यहाँ विकासका प्रशस्त संभावनाहरु रहेका छन । यहांको भौगोलिक तथा सांस्कृतिक विविधता, कला र संस्कृतिको सुसम्पन्नता संगै प्राकृतिक श्रोत साधनको प्रचुरता जस्ता विशिष्टताहरुको सुब्यवस्थित र योजनाबद्ध उपयोगद्धारा तादीबासीहरुको जीवनमा देखिने गरी सकारात्मक परिवर्तन ल्याउन प्रस्तुत नीति तथा कार्यक्रमले महत्वपुर्ण योगदान गर्ने छ भन्ने मैले पुर्ण विस्वास लिएको छु ।

प्रशस्त सम्भावनाका बावजुद पनि हामिले भौतिक पुर्वाधार, कृषि, पर्यटन जस्ता क्षेत्रको अपेक्षित विकास गर्न नसकेको यथार्थ हामि सामु छ । बिशेष गरी गाउँपालिकाको भौगोलिक रुपमा विकट क्षेत्र र पिछडिएको समुदायमा बिद्यमान गरिबी न्युनिकरण गर्ने, बेरोजगारी घटाउने, स्वास्थ्य सुबिधाको विस्तार र गुणस्तरिय शिक्षामा सबैको पहुंच सुनिश्चित गर्ने जस्ता पक्षमा हाम्रा स्रोत साधनहरुलाई परिचालन गर्न आवश्यक देखिन्छ । विकासको मुख्य संभावनाको रुपमा रहेको प्राकृतिक श्रोत साधन, सांस्कृतिक विविधता, पर्यटकिय संभाब्यता कृषि तथा पशुपालन ब्यवसाय लगायत आर्थिक रुपमा सक्रिय जनसंख्याको उपयोग नै तादी गाउँपालिकाको विकासको ढोका खोल्ने माध्यम रहेका छन ।

सीमित साधन श्रोतबाट जनताका असिमित आवश्यकता सम्वोधन गर्नुपर्ने, कानुनी तथा प्रकृयागत कार्यविधिका साथै प्रादेशिक नीति तथा नियम कानुन संग कतिपय कुराहरु बाजिएका कारण आन्तरिक स्रोत अपेक्षित रुपमा परिचालन गर्न नसकिनु, केन्द्रबाट आवश्यक जनशक्ति ब्यवस्था नहुंदा सोचे अनुरुप नजिकबाट जनताहरुलाई सेवा प्रदान गर्न नसकिनु र आवश्यक भौतिक पुर्वाधारको कमी जस्ता चुनौती हाम्रो सामु रहेका छन ।

सम्मानित सभाका सदस्य ज्यूहरु,

हामिले गत आ.व. को गाउँसभाबाट स्वीकृत गरेको नीति तथा कार्यक्रम र बजेटले यस गाउँपालिका क्षेत्रको समग्र विकासको लागि केहि आधारहरु खडा भएको मैले महसुस गरेको छु । गत आ.व.मा स्वीकृत तथा चालु आ.व.मा कार्यान्वयनमा आएका विकास योजना तथा कार्यक्रमबाट हासिल भएका उपलब्धिहरुलाई म यहांहरु समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(१) सामुदायिक बिद्यालयको शैक्षिक गुणस्तर बृद्धिगर्न बिभिन्न बिद्यालयहरुमा अंग्रेजी शिक्षक लगायत बिभिन्न बिषयका शिक्षकहरुको ब्यवस्था गरिएको ।

(२) गाउँपालिका क्षेत्रका स्वास्थ्य संस्थालाई पुर्वाधार सम्पन्न गराउन आवश्यक सहयोग गरिएको । गाउँपालिकाको वडा नं ५ र वडा नं. २ मा नयां स्वास्थ्य चौकी स्थापना गरिएको छ। त्यसै गरी खरानीटारमा रहेको प्राथमिक स्वास्थ्य केन्द्र को सेवा लाई प्रभावकारी बनाउन थप जनशक्ती र आवश्यक प्रविधि तथा उपकरणको ब्यवस्था गरिएको। केन्द्रबाट प्राप्त हुने चिकित्सक उपलब्द नहुंदा सेवाग्रीहरुलाई उपयूक्त सेवा सुविदा प्रदान गर्न नसकिएको ।

(३) आ.व. २०७५।०७६ मा यस तादी गाउँपालिकालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको

(४) गाउँपालिका क्षेत्रभित्र रहेका काठका बिद्युतिय पोलहरु बिस्थापित गर्ने कार्यको शुरुवात गरिएको । चालु आ.व. मा २५० थान पोल खरिद गरिएको साथै बिद्युत विकास शाखा त्रिशुली शाखा संग समन्वयगरी बिद्युत पोलहरु उपलब्ध गराईएको र हाल दादी गाउँपालिका काठको पोल रहित गाउँपालिका भएको ।

(५) बैकल्पीक उर्जा प्रवर्द्धन केन्द्र संगको सहकार्यमा गाउँपालिकाको बजार क्षेत्र लगायत अन्य विविभन्न १८ ठाउँहरुमा सौर्य सडक बत्ति जडान गरिएको र यस कार्यलाई निरन्तरता दिईने छ ।

(६) भौगोलिक तथा विकासका दृष्टिले विकट मानिएको यस गा.पा. को वडा नं- १ उर्लेनीमा सहज आवत जावतको सुबिधा उपलब्ध गराउन खरानीटार- टुटुङ- हुंदै उर्लेनी जोड्ने, गाउँपालिका केन्द्र बाट छोटो दुरीको सडक को बिस्तृत परियोजना प्रतिवेदन (डी.पी.आर) तयार गरी नयां ट्र्याक खोल्ने कार्य सम्पन्न भई स्तरोन्नती समेत गरिएको ।

(७) सबै वडाका जनताहरु लाई सडक पहुंच पुऱ्याउन सवै वडाहरुका ग्रामिण सडकहरुको नयाँ ट्र्याक खोल्ने कार्य सम्पन्न गरिएको ।

(८) **“महिला संग उपाध्यक्ष”** कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवाको पहुंच पुग्न नसकेको वडाहरुमा महिला प्रजनन् स्वास्थ्य सम्वन्धी स्वास्थ्य परिक्षण उपचार र स्वास्थ्य परामर्श प्रदान गरिएको ।

(९) **“महिला संग उपाध्यक्ष”** कार्यक्रम अन्तर्गतनै महिलाहरुको सीप विकास, क्षमता विकास, आय आर्जनमुलक कार्यक्रम संचालन गरिएको ।

(१०) बैदेशिक रोजगारीमा जाने तथा स्वदेशमा नै रोजगारीको खोजीमा रहेका यूवाहरुको लागि युवा लक्षित सीपमुलक कार्यक्रम मार्फत घरेलु कार्यालय नुवाकोटको संयोजकत्वमा बिभिन्न सीपमुलक र रोजगारमुलक तालिम प्रदान गरिएको ।

(११) दलित, विपन्न र कमजोर आर्थिक अवस्था भएका छात्र/छात्राहरुको लागि उच्च शिक्षा अध्ययन गर्न छात्रवृत्ति रकम उपलब्ध गराईएको ।

(१२) गाउँपालिका क्षेत्र लाई कुपोषण मुक्त वनाउन विभिन्न गैर सरकारी संघ संस्थाहरु संगको सहकार्यमा बालपोषण कार्यक्रम संचालन गरिएको ।

(१३) विभिन्न जनजातिहरुको विविध संस्कृतिहरुको संरक्षण र प्रवर्द्धन गर्न विविध कार्यक्रमहरु संचालन गरिएको ।

(१४) गाउँपालिका क्षेत्रभित्रको कृषि योग्य भुमिको उपयोग र उत्पादन बढाउन बिभिन्न सिंचाई आयोजनाका सम्पन्न गरिएको साथै उन्नत जातको विउ विजनहरु वितरण गरिएको ।

(१५) गाउँपालिका क्षेत्र भित्रका बिभिन्न स्थानमा रहेको मठमन्दिर कोत घरहरुको संरक्षण, मर्मत सम्भार, पुननिर्माण गरिएको ।

(१६) आ. व. २०७४।०७५ मा गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय संभावनाको उपयोग गर्न वडा नं ४ को बाघमारामा पर्यटन पुर्वाधार निर्माण गरिएको र यस आ.व.मा पर्यटन वोर्डको लगानीमा बागमारा क्षेत्रमै ४ कोठे पक्की भवन निर्माण गर्न लागीएको साथै वडा नं १ उर्लेनीमा होमस्टे तालिम संचालन र खरानीटार-

काल्चे- राउचुली -गोसाईकुण्ड- लौरीबिनायक ट्रेकिङ रुट दर्ता तथा Home Stay को संभाव्यता अध्ययन गरिएको ।

(१७) पूर्णिमा प्रोजेक्टको सहकार्यमा गाउँपालिकाको बस्तुगत विवरण सहितको पार्श्वचित्र [Rural Municipal Profile] तयार गरिएको, गाउँपालिकाको आवधिक योजना र खानेपानी तथा सरसफाई गुरुयोजनाहरुको तयारी अन्तिम चरणमा रहेको ।

(१८) दोर्खुखोला पक्कीपुल (तादी १ र ३ जोड्ने) पुलको बुहुवर्षिय योजना अन्तरगत डिपिआरको काम सम्पन्न भएको ।

(१८) गाउँपालिका कार्यालयलाई व्यवस्थित गर्न सेवाग्राहीरुलाई छिटो छरितो ठंगबाट सेवा प्रवाह गर्नका साथै सबै विषयगत शाखाको काम एउटै छाना मुनीबाट सेवा प्रवाह गर्न यस आ.व. मा ३६ कोठे अपाङग र बालमैत्री गाउँपालिका भवनको निर्माण गर्न लागिएको ।

(१९) गाउँपालिकाको आन्तरिक आय बढाउनको लागि राजस्व सुधार योजना तयार गरी कार्य अगाडी बढाइएको ।

(२०) गाउँपालिका क्षेत्र भित्र रहेको नर्जा, रालुका मैदान जानेबाटो, खरानीटार देखि डाँडा गाउँ जाने मोटरबाटो साथै एकिकृत बस्ती बुदुने जाने सडकलाई क्रमागतरुपमा दिगो स्तोरनती गरिएको ।

(२१) वडा नं. ५ र ६ को वडा कार्यालय भवन निर्माणको अन्तिम चरणमा रहेको ।

(२२) पूर्णिमा कार्यक्रम र गाउँपालिकाको संयूक्त लगानीमा कार्डसन नेपालको प्राविधिक सहयोग द्धारा तादी वडा नं. ३ खरानीटार र बुदुने एकीकृत बस्तीमा एक घर एक धारो जडान गरी आयोजना हस्तानतरण गरिएको ।

(२३) प्रदेश सरकारबाट प्राप्त अनुदानमा खाप्सीङ खोल कुटुङ कोईराला चेत खानेपानी आयोजनाको बृस्तृत परियोजना अध्ययन गरी यस आ.ब.मा निर्माण कार्य अगाडी बढाईएको ।

(२४) नर्जा र खरानीटार अस्पतालमा एक एक दिने सिविर राखी तादी गाउँपालिकामा भएका सबै अपाङ व्यक्तिहरुलाई अपाङगता परिचय पत्र वितरण गरिएको ।

(२५) पूर्णिमा कार्यक्रमको आर्थिक सहयोगमा संचालित सम्बोधन कार्यक्रम मार्फत गाउँपालिकाभित्रका सेवा सुविधाबाट बञ्चित परिवारहरु पहिचान गरी विशेष गरी एकल महिला, अपांग, अति गरिब परिवारहरुलाई टनेल खेती, कुखुरा पालन, वाकर वितरण जस्ता क्रियाकपालहरुको शुरुवात भएको ।

(२६) यसैगरी पूर्णिमा कार्यक्रमकै आर्थिक सहयोगमा नुवाकोट उद्योग वाणिज्य संघ मार्फत यस गाउँपालिकाका निर्माण कार्यसँग सम्बन्धित उद्योग व्यवसायीहरुलाई व्यवसायिक योजना तर्जुमा गर्न तथा बैंकसम्म पहुँच नभएकालाई बैंक सम्मको पहुँचमा पुर्याउने कार्य भएको । गाउँपालिकाभित्रका निर्माण उद्योगसँग सम्बन्धित उद्यमीहरुको प्रोफायल तयारी भै सकेको ।

(२७) आगामी आ. ब. बाट सामाजिक सुरक्षा भत्ता वितरण बैक मार्फत संचालन गर्न लागिएको ।

(२८) तादी गाउँपालिकामा रहेका विभिन्न विद्यालयहरुमा लायन्स क्लब संगको सहकार्यमा विद्यार्थीहरुको पठन पाठनमा सहयोग पुर्‍याउन स्टेशनरी, विधालय पोशाक तथा खेलकुदका सामानहरु वितरण गरिएको ।

**सम्मानित सभाका सदस्य ज्यूहरु :-**

अव म आगामी आ.व २०७६/०७७ को लागि गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

**सोच :- "कृषि, जलश्रोत, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार आत्मनिर्भर र समृद्ध तादीको आधार"** को आधार खडा गर्ने ।

**लक्ष्य :-** प्रचुर संभावना रहेको जलश्रोतको उपयोग, कृषिको आधुनिकिकरण ब्यवसायीकरण र बजारीकरण, पर्यटन पुर्वाधार निर्माण, संस्कृति संरक्षण र प्रवर्द्धन तथा दिगो पुर्वाधार निर्माण मार्फत तादी गाउँपालिका लाई आत्मनिर्भर, समुन्नत र समुद्ध बनाउने ।

**उद्देश्य :-**
आगामि आ.व. २०७६/०७७ को बजेटमा निम्न उदेश्य तय गरिएको छ ।

(१) गाउँपालिका बासीहरुलाई आत्मनिर्भरता तर्फ उन्मुख गराउने ।
(२) सबै खेतियोग्य जमिनमा सिंचाईको सुबिधा उपलब्ध गराउने,
(३) कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकिकरण, ब्यवसायीकरण र बजारिकरण गर्ने,

(४) पर्यटन क्षेत्रको विकास मार्फत रोजगारी सिर्जना गर्ने,
(५) शिक्षाको गुणस्तर बृद्धि गर्ने,
(६) सबै तादीबासीलाई गुणस्तरिय स्वास्थ्य सेवाको पहुंच पुऱ्याउने,
(७) दिगो पुर्वाधार निर्माणमा जोड दिने,
(८) गाउँपालिकाका सबै वडाहरुमा सडक यातायात सुबिधा उपलब्ध गराउने ।
(९) यस आ.ब. वाट हाम्रो तादी राम्रो तादी भन्ने मुल नाराका साथ खरानीटार सदरमुकाम क्षेत्रवाट बस्तीलाई आधुनिक शहरीकरण गर्ने मुल उद्धेश्यका साथ गाउँपालिका भवन रहेको ठाउँलाई मुल केन्द्र विन्दुमानि ५०० मिटर पर सम्म खानेपानी, बाटो, डल, उद्यान, पार्क आदिको दिगो विकास गर्दै लैजाने र आगामी ५ वर्ष भित्र तादी गाउँपालिका क्षेत्रलाई नै नयाँ भव्य र सभ्य शहरको निर्माण गर्ने लक्ष्य राखेको छु ।
(१०) उर्लेनी स्वास्थ्य चौकी र रालुका स्वास्थ्य चौकीलाई स्तरउन्नती गरी बरथिङ सेन्टर स्थापना गर्न बजेटको बिनियोजन गरेको छु ।
(११) बाल बिवाह, चेलीबेटी बेचबिखन जस्ता समाजको जगन्य अपराधलाई न्यूनिकरण र निरुत्साहीत गर्न ईलाका प्रहरी कार्यालय खरानीटार संग समन्वय र सहकार्य गरी बृहत अभियान चलाउन आवश्यक रकमको व्यवस्था गरेको छु ।
(१२) सामाजिक सुरक्षा भत्ता बितरणलाई बैकिङ प्रणालि मार्फत बितरण गर्न व्यवस्था मिलाईने छ ।
(१३) अनलाईन घटना दर्ता प्रणालिलाई सबै वडा मार्फत सेवा सञ्चालन गरिने छ ।
(१४) यस आ.व. बाट स्थानिय स्तरमा उत्पादन भएका कृषि उपज लगायतका अन्य बस्तुहरुको विकी विनिमय गर्नको लागी हाट बजारको सुरुवात गरिने छ । यसको पूर्वाधार तयारीका लागि रु. दश लाख विनियोजन गरेको छु ।

बजेट तर्जुमा गर्दा लिईएको आधारहरु :-

- नेपालको संबिधानले परिलक्षित गरेका निर्देशक सिद्धान्त र नीतिहरु,
- चौधौं योजना २०७३/०७४-०७५-०७६ ले निर्धारण गरेको उदेश्य र प्राथमिकताहरु,
- स्थानीय सरकार संचालन ऐन-२०७४,
- दिगो विकास लक्ष्य,
- नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका बिभिन्न समयका मार्गदर्शन तथा परिपत्रहरु,
- नेपाल सरकार अर्थमन्त्रालयबाट प्राप्त निर्देशन तथा परिपत्रहरु,
- संधीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं बजेट बक्तव्य
- वडा समितिबाट बजेट तर्जुमा समिति हुँदै सहभागितामुलक योजना तर्जुमा प्रक्रिया द्वारा प्राथमिकिकरण सहित प्राप्त आयोजना तथा सुझावहरु,

**आगामि आर्थिक बर्ष २०७६/०७७ को बजेट तर्जुमा गर्दा देहायका क्षेत्रलाई प्राथमिकता दिईएको छ :-**

(१) समावेसी आर्थिक विकास र रोजगारी,
(२) पिछडिएको बर्ग तथा क्षेत्रको लागि बिशेष कार्यक्रम,
(३) दिगो भौतिक पुर्वाधार,
(४) कृषि क्षेत्रको आधुनिकिकरण, यान्त्रिकिकरण, ब्यवसायीकरण र बजारीकरण,
(५) शिक्षा, स्वास्थ्य, खानेपानी, सरसफाई लगायतका सामाजिक विकासका क्षेत्रमा सबै नागरिकको सहज पहुंच
(६) सुशासन र सार्वजनिक सेवा प्रवाहमा सुधार,
(७) बातावरण संरक्षण र विपद ब्यवस्थापन,
(८) खेतियोग्य जमिनमा सिंचाईको पुर्णता,

**<u>गाउँपालिकाको योजना तर्जुमा गर्दा अवलम्वन गरिएका क्षेत्रगत नीतिहरु,</u>**

**(क) आर्थिक विकास सम्वन्धी नीतिहरु :-**

क. १ कृषि तथा पशुपालन

- गाउँपालिका क्षेत्रभित्रको सबै खेतियोग्य जमिनमा सिंचाई सुबिधा उपलब्ध गराईने छ ।
- **“बांझो जग्गा बिहिन गाउँपालिका, हराभरा गाउँपालिका”** को निर्माण गर्न जमिन बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरिने छ ।
- कृषि तथा पशु पालन सम्वन्धी प्राबिधिक परामर्श उपलब्ध गराउन “एक वडा एक प्राविधिक” को नीति कार्यान्वयन गरिनेछ ।
- कृषि क्षेत्रको विकासलाई उच्च प्राथमिकता दिई कृषि ब्यवसायको आधुनिकिकरण, यान्त्रिकिकरण र बजारीकरणमा जोड दिईने छ । कृषकहरुलाई आधुनिक कृषि औजार उपलब्ध गराईनेछ ।
- गाउँबासीहरुमा ब्यापक स्वरोजगारीको सृजना गर्न एक गाउँ एक उत्पादनको नीति सहित विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- विषादी रहित प्रङ्गारिक खेती तथा व्यवसायिक पशुपालनलाई प्रोत्साहन दिँदै पशु तथा बालीबीमा कार्यक्रम सञ्चालन गरिनेछ भने सहकारी खेती तथा सामुहिक खेतीलाई प्रवर्द्धन गर्न अनुदानको व्यवस्था मिलाईनेछ ।
- कृषकहरुलाई आधुनिक नगदेबाली तथा फूलखेती खेती तर्फ प्रोत्सान गर्न स्थानीयस्तरमै कृषि उपज बजार केन्द्रको स्थापनामा जोड दिइनेछ ।
- कृषि प्राविधि (जेटिए) लाई किसानको पहुँचसम्म पुऱ्याइनेछ ।
- आधुनिक उन्नत पशुहरुको उत्पादनमा जोड दिदै किसानहरुलाई दुग्ध र मासुजन्य उत्पादनमा प्रोत्सान गरिनेछ ।
- प्रत्येक वडामा पशु स्वास्थ्य चिकित्सक किसानको पहुँचसम्म पुऱ्याइ पशुधनको क्षति न्यूनिकरणका लागि रोग नियन्त्रण गर्न खोप कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।

## क. २ उद्योग तथा वाणिज्य

- गाउँपालिकामा उद्योग व्यवसायको प्रबर्द्धन गर्न उद्यममैत्री कार्यक्रम सञ्चालन गरिनेछ साथै ठूला लगानीकर्ताहरुलाई आकर्षित गर्न आवश्यक वातावरण मिलाउनुका साथै साना तथा घरेलु उद्योगिहरुलाई आकर्षण गर्न विषेश कार्यक्रमको व्यवस्था गरिनेछ ।
- पूर्णिमा कार्यक्रमको सहयोगमा जिल्ला उद्योग वाणिज्य संघद्धारा संचालित निर्माण व्यवसायसँग सम्बन्धित उद्यमीहरुको क्षमता विकासका साथै उनीहरुलाई बैंकको पहुँचसम्म पुऱ्याउने कार्यमा आवश्यक सहजीकरण गरिनेछ । साथै अन्य उद्यमीहरुको क्षमता विकास एवं उनीहरुको बैंकसँगको पहुँचका लागि आवश्यक पहल गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा संचालित व्यवसायिक फर्महरुको दर्ता तथा नविकरण कार्यलाई गति दिइनेछ ।
- सार्वजनिक निजी साझेदारी नीतिको अबलम्बन गर्दै निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिने दीर्घकालीन योजनाहरुको अध्ययनको शुरुवात गरिनेछ ।
- पर्यावरण तथा वातावरण प्रदुषण गर्ने उद्योगलाई विस्थापित गर्ने नीति अबलम्बन गरिनेछ ।

## क.३ पर्यटन

- गाउँपालिका क्षेत्र भित्रका पर्यटकिय संभावनाका क्षेत्रहरुमा पर्यटकिय पुर्वाधारहरु निर्माण गरी आन्तरिक तथा वाह्य पर्यटक भित्र्याउन प्रबर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गोसाईकुण्ड जाने पैदल मार्ग मध्ये मुख्य मार्गको रुपमा यस गाउँपालिका क्षेत्रको मार्ग कायम गर्न आवश्यक पहल गरिनेछ । उक्त पैदल मार्ग निर्माणका लागि पूर्णिमा कार्यक्रमसँग सहकार्य गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका संभावित समुदायहरुमा होमस्टे संचालनमा ल्याईनेछ ।
- अन्य सम्भावित पर्यटकीय स्थलहरुसम्म पुग्ने पदमार्ग विस्तार गर्दै ती स्थानहरुमा होमस्टे संचालनका लागि आवश्यक पहल गरी पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याइनेछ ।

## क.४ सहकारी

- सहकारी क्षेत्रको विकास र प्रवर्द्धन गर्दै सहकारीहरुको ब्यवसायीकरणमा जोड दिईनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तिय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारीले वार्षिक रुपमा कम्तिमा एक सहकारी एक सामाजिक कार्यक्रम गर्नुपर्ने नीति अवलम्बन गरिने छ ।
- गाउँपालिका भित्र रहेका सहकारी संस्थाको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र सञ्चालन भएका सबै विषयगत सहकारी संघ संस्थाहरुसँग समन्वय गरी लक्षित वर्गका लागि सीप विकास तथा उद्यमशीलता विकास सम्बन्धी तालिमहरु संचालन गरी गरिवी र बेरोजगारी हटाउने कार्यको आरम्भ गरिनेछ ।

## क.५ वित्तीय क्षेत्र

- गाउँपालिका क्षेत्रभित्र संचालित बित्तीय संस्थाहरुलाई विपन्न र पिछडिएको समुदायमा परिचालन गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा संचालित बैंक तथा वित्तीय संस्थाहरुलाई गाउँपालिकामा दर्ता हुन र नयाँ वित्तीय संस्था खोल्नुपूर्व अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृति लिनु पर्ने नीति कार्यान्वयन गरिनेछ ।
- कुनै एक स्थान विशेषमा मात्र केन्द्रीत बैंक तथा वित्तीय संस्थालाई गाउँपालिकाका अन्य क्षेत्रमा पनि विस्तार गर्न सहयोग र प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- गाउँपालिका भित्र रहेका वित्तिय संस्थाहरुको अनुगमन तथा नियमन गरी विषयगत कार्यप्रति उत्तरदायी बनाइनेछ ।

क.६ बाह्य क्षेत्र

- अन्तराष्ट्रिय गैरसरकारी संस्था, नियोग तथा स्वदेशी लगानीकर्ताले गाउँ क्षेत्रमा विशेष लगानी तथा विकास आयोजना सञ्चालन गर्न चाहेमा त्यस्ता सस्थालाई स्वागत गर्दै लगानीमैत्री वातावरण सृजना गरिनेछ । त्यसका लागी उच्चपदस्त पदाधिकारी तथा कर्मचारीको अन्तराष्ट्रिय / राष्ट्रिय स्थरमा अध्ययन, अवलोकन भ्रमणको व्यवस्था गरिने छ ।

**(ख) सामाजिक विकास :-**

*(ख १) शिक्षा*

- सामुदायिक बिद्यालयहरुको शैक्षिक अवस्थामा गुणात्मक सुधार गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र विभिन्न बिषयको प्राविधिक शिक्षा संचालन गर्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका क्षेत्रका विद्यालयहरुमा कार्यरत शिक्षकहरुको क्षमता अभिबृद्धि र विद्यालयको भौतिक तथा शैक्षिक विकासद्धारा गुणस्तरीय शिक्षाका लागि अत्यावश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक विद्यालयका शिक्षकहरुलाई आफ्नो पेशाप्रति जिम्मेवार बनाउन पुरस्कार र दण्डको व्यवस्थालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ । साथै विद्याथीको शैक्षिक उपलब्धीका आधारमा उत्कृष्ट शिक्षकहरु र उत्कृष्ठ विद्यालयललाई पुरस्कृत गर्ने नीति लिइनेछ ।
- प्रत्येक वडामा बालक्लव गठन एवं तिनीहरुको क्षमता विकास गरी बालअधिकारका क्षेत्रमा रचनात्मक क्रियाकलाप सञ्चालन गर्न उत्प्रेरित गरिने छ ।
- संस्थागत विद्यालयहरुलाई शैक्षिक मापदण्ड अनुसार सञ्चालन गर्न नियमित अनुगमन, निरीक्षण र नियमन गरिनेछ ।
- संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गरिसकेकाले सबै बासिन्दालाई शिक्षाको पहुँच अभिवृद्धि गर्नाका लागि भर्ना अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

- स्थानीय तहमा प्रत्यायोजित भई आएको माध्यमिक तह सम्मको शैक्षिक संस्थाको अनुमति तथा नियमन कार्यलाई व्यवस्थित बनाई समयसापेक्ष प्रतिस्पर्धी गुणस्तरीय शिक्षा प्रदान गर्ने वातावरण श्रृजना गरिनेछ ।
- सामुदायिक विद्यालयका विषयमा खुल्ला सार्वजनिक सुनुवाई गरि समाज र पेशाप्रति उत्तरदायि बनाइनेछ ।
- निजी विद्यालयहरुलाई शैक्षिक मापदण्ढ अनुसार सञ्चालन भए नभएको विषयमा अनुगमन गरी मूल्याङ्कन गरिनेछ ।
- बिभिन्न सरोकारवाला निकायहरुको सहकार्य र साझेदारीमा यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्ने लक्ष्यका साथ सो सम्बन्धी क्रियाकलापहरु अघि बढाइनेछ ।

*(ख २) स्वास्थ्य*

- स्वास्थ्य सेवालाई आधारभुत अधिकारको रुपमा स्थापीत गर्दै गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुंच कायम गरिने छ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरुलाई पुर्वाधार सम्पन्न गराईने छ ।
- अधिकांश महिलाहरु प्रजनन स्वास्थ्य सम्वन्धी समस्या बाट ग्रसित रहेको अवस्थालाई दृष्टिगत गर्दै महिला प्रजनन स्वास्थ्य सम्वन्धी बिशेष कार्यक्रम संचालन गरिनेछ ।
- गाउँघर क्लिनिक कार्यक्रमको प्रभावकारीता बढाईने छ ।
- कुपोषण रहित गाउँपालिका निर्माण गर्न बालपोषण कार्यक्रमलाई निरन्तरता दिईने छ ।
- वडा कार्यालय मातहतका स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुका साथै गाउँपालिकाको केन्द्रमा रहेको खरानीटार अस्पताललाई विशेषज्ञ, आवश्यक उपकरण एवं प्रयोगशाला सहितको स्वास्थ्य केन्द्रको रुपमा स्थापित गरिनेछ ।
- नेपाल सरकारबाट निःशुल्क प्रदान गरिने औषधीहरु सबै गाउँबासीहरुको पुहँचमा पुऱ्याइनेछ ।
- स्वास्थ्य चौकी अन्तर्गतका चलाइने गाउँघर क्लिनिक कार्यक्रमलाई ज्येष्ठ नगारिकहरुको स्वास्थ्य परिक्षण नियमित गरिनेछ ।

- स्वास्थ्य शाखाको समन्वयमा महामारीजन्य रोग निवारणका लागि विशेष कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- समग्र ग्रामीण क्षेत्रको स्वास्थ्यलाई ध्यानमा राखी आगलागी, भूकम्प, झाडापखाला, महामारी, चट्याङ, एच.आई.भी. एड्स आदिको संभावना, जोखिम र यसको न्यूनिकरण तर्फ जनचेतना बृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपन्न वर्गका नागरिकहरुलाई स्वास्थ्य उपचारमा सहयोग गर्नका लागि औषधी उपचार कोष संचालन तथा व्यवस्थापन कार्यविधि तयार गरी लागू गरिनेछ ।
- तादी गाउँपालिका भित्रका बर्थिङ्ग सेन्टरमा सुत्केरी हुन आउँदा र जाँदा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ ।

*(ख ३)  खानेपानी तथा सरसफाई*

- **"स्वच्छ र सफा पिउने पानी : स्वास्थ जिन्दगानी"** लाई सफलीभुत पार्न गाउँपालिकाका सबै बस्ती र समुदायमा एक घर एक धाराको नीति अनुरुप स्वच्छ र सफा पिउने पानी उपलब्ध गराईने छ ।
- समुदायमा आधारित पुर्ण सरसफाई कार्यक्रम संचालन गरिनेछ ।
- पूर्णिमा कार्यक्रमको सहयोगमा तयार भएको खानेपानी तथा सरफाई गुरुयोजना अनुरुप खानेपानीका योजनाहरु संचालन गरिनेछ ।
- खानेपानी वितरणलाई सहज र प्रभावकारी वनाउन मुहानको एकात्मक अधिकार अन्त्य गर्दै सामुहिक अधिकार स्थापित गरिनेछ ।
- खानेपानीका मुहानको संरक्षणका लागि मुहान आसपासमा उपयुक्त मापदण्ढ बनाइ संरक्षण कार्यलाई सुदृढ गरिनेछ ।
- खानेपानीका समितिहरुलाई वातावरण तथा सरसफाई प्रति उत्तरदायि बनानउने खालका नीति अबलम्बन गरिनेछ ।
- गाउँपालिका भित्र सञ्चालित क्रमागत खानेपानीका योजनाहरुलाई यथाशिघ्र सम्पन्न गरिदै लगिनेछ ।

*(ख ४) संस्कृति प्रवर्द्धन*

- विविधता वीचको एकता कायम गर्दै विविध सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिने छ ।
- तामाङ जातिहरुको भेषभुषा र संस्कृतिको संरक्षण गर्न आवश्यक कार्यक्रम संचालन गरिने    छ ।

- कला, साहित्य र संस्कृतिलाई संरक्षण तथा प्रबर्द्धन गर्न आवश्यक तालिम, प्रतियोगिता, शोध तथा कार्यशाला जस्ता कार्यक्रमहरुको शुरुवात गरिनेछ ।
- गाउँपालिका भित्र भएका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदा, मठ मन्दिर, गुम्बा, पाटी, पौवा, सत्तल, कुवा, पधेरो, ढुङ्गेधारा, अन्तिम दास संस्कार गर्ने घाट जस्ता सम्पदाहरुको पुर्ननिर्माण तथा संरक्षण गरिनेछ ।

*(ख ५) खेलकुद तथा मनोरञ्जन*

- युवाहरुलााई लक्षित गरी खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा लिनु पर्ने सन्देशलाई साकार गर्न गाउँपालिका क्षेत्रभित्रका युवाहरुलाई खेलकुदको क्षेत्रमा क्रियाशील गराउन विविध खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ । जस अनुसार नीति तथा कार्यक्रममै अध्यक्ष कप खेलकुद प्रतियोगिता भन्ने शिर्षक राखी विविध खेलकुद आयोजनाहरु संचालन गरिने छ ।
- गाउँपालिका क्षेत्रभित्रका युवाहरुको सिर्जनशिलता विकासको लागि युवा क्लवहरुलाई क्रियासील गराउन आवश्यक सहयोग गरिनेछ ।
- विभिन्न विद्यालयहरुमा बाल कल्बको गठ न तथा परिचालन गरिने छ
- खेलकुद गतिविधि, क्षमता विकास, विस्तार तथा गाउँपालिकास्तरीय खेलकुद विकास समिति गठन गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

*(ख ६) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण*

- लैङ्गिक हिंसा, मानव बेचबिखन लगायतका सबै किसिमका हिंसाहरुको अन्त्यको लागि बिभिन्न सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको प्रतिस्पर्धात्मक क्षमता विकास र सशक्तिकरणको लागि विविध कार्यक्रम संचालन गरिनेछ ।
- महिलाहरुको स्वास्थ्य संवेदनशीलता लाई मध्यनजर गर्दै **“महिलासंग उपाध्यक्ष”** कार्यक्रम मार्फत महिला प्रजनन स्वास्थ्य सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।
- आयोजना कार्यान्वयनमा महिलाहरुको सहभागिता बढाउन र निर्णय प्रक्रियामा महिलाको अर्थपुर्ण सहभागिता सुनिश्चित गर्दै लैङगिक बिभेदलाई कम गर्ने नीति अवलम्वन गरिनेछ ।
- दलित, जनजाति तथा आदिवासीहरुको जीवनस्तरमा सुधार ल्याउन आयआर्जन र सीप विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- लक्षित वर्गका कार्यक्रमहरु विशेष गरी टनेल खेती, कुखुरा पालन, बाखा पालन, बँगुर पालन जस्ता क्रियाकलापहरु संचालन गर्दा पूर्णिमा कार्यक्रमको सहयोगमा संचालित सम्बोधन कार्यक्रमसँगको समन्वयमा सञ्चालन गरिनेछ ।

- गाउँपालिका भित्र लैङ्गिक विभेद अन्त्य गरी महिला र पुरुषलाई हरेक कार्यक्रममा सहभागि गराउँदै लगिनुका साथै दलित, अल्पसंख्या, पिछडीएका वर्ग र समुदायहरुको क्षमता अभिबृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालश्रम न्यूनिकरण, बाल शोषण अन्त्य, घरेलु बालश्रमिकको पुनःर्स्थापना तथा जोखिममा परेका बालबालिकाहरुको पुनस्थापना गरी यस गाउँपालिका क्षेत्रलाई बालश्रम उल्मुलन क्षेत्र घोषणा गर्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- महिला वर्गको आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा पहुँच पुऱ्याउन उनीहरुको सहभागितालाई सुनिष्चित गर्ने नीति अबलम्बन गर्दै महिला सशक्तिकरणमा जोड दिई उनीहरुलाई प्रतिसपर्धी योग्य बनाइनेछ ।
- जेष्ठ नागरिकको ज्ञान, सीप, अनुभव र विज्ञतालाई ग्रामीण विकास कार्यमा पूँजीकृत गर्दै उनीहरुको सम्मानित मर्यादापूर्वक जीवत व्यतित गर्ने वातावरण मिलाउन गाउँपालिकास्तरीय जेष्ठ नागरिक समाज गठनका लागि पहल गरिनेछ ।
- सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी र पारदर्शी ढङ्गले सञ्चालन तथा अनुगमन गर्ने व्यवस्था मिलाइने छ ।
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको नीतिलाई मूलप्रवाहीकरणमा ल्याइनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, फरक क्षमता भएका गाउँवासी, आदिवासी, जनजाति, दलित तथा सीमान्तकृत समुदायको अधिकार, सेवा सुविधा, क्षमता विकास र समान अवसरका लागि विशेष प्राथमिकताका साथ योजना तथा कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- दलित, आदिवासी तथा जनजातिहरुको परम्परागत पेशालाई आधुनिकिकरण गरी जीवनयापनको आधार बनाउन लक्षित कार्यक्रम संचालन गरिने छ ।
- सबै किसिमका सामाजिक बिभेद हटाउन विविध कार्यक्रमहरु संचालन गरिनेछ ।

(ग) पुर्वाधार विकास :-

*(ग १) स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल*

- "विकासको मुख्य आधार : दिगो पुर्वाधार" भन्ने अभियान लाई अगाडी बढाउँदै पुर्वाधार निर्माणमा दिगोपना सुनिश्चित गरिनेछ ।
- ग्रामिण सडकहरुको स्तरोन्नती गर्दा अनिवार्य रुपमा नाली निर्माण गर्नु पर्ने नीतिलाई कडाईका साथ कार्यान्वयनमा ल्याईने छ ।

- सडकहरुको बर्गिकरण र स्तरीकरण गर्न "नगर यातायात गुरुयोजना" निर्माण गरिनेछ । साथै सडकहरुको प्रकृति अनुरुप मापदण्ड निर्धारण गरी कडाईकासाथ कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको केन्द्र रहेको क्षेत्र खरानीटार आसपास भविष्यमा बस्ति विकास बढ्दै जाने संभावनालाई मध्यनजर गर्दै यस क्षेत्रको योजनाबद्ध विकासको लागि एकिकृत शहरी विकास योजना तयार गरी कार्यान्वयनमा लगिनेछ ।
- ग्रामिण सडकहरुको स्तर निर्धारण तथा मापदण्ड तयार गरि  सवै सडकहरुको लगतकट्टा गर्न पहल गरिनेछ ।
- यस गाउँपालिका क्षेत्रमा केन्द्रिय सरकारवाट हस्तान्तरण भई आएका तथा निर्माणाधिन नयाँ झोलुङे पुलहरुको मर्मत संभार गर्न आवश्यक व्यवस्था मिलाउनुका साथै आवश्यक परेमा नयाँ पुलको लागी केन्द्र सरकार र प्रदेश सरकार संग माग गर्ने व्यवस्था समेत मिलाईने छ ।
- अनाधिकृरुपमा सार्वजनिक जग्गाहरु प्रयोगभई रहेकोमा त्यसको लगत संकलन गरी त्यस्ता घर टहराहरु हटाईने छ साथै सडक पेटीमा राखिएका निर्माण सामाग्रीहरु पुर्णरुपमा हटाउन लगाई सार्वजनिक आवत जावतमा सहज बनाईने छ ।

*(ग २) सिंचाई*

- गाउँपालिका क्षेत्रभित्र रहेको सिंचाई कुलोहरुको मर्मत संभार गरी बाह्रै महिना सिंचाई सुविधा पुऱ्याउने कार्यलाई उच्च प्राथमिकता दिईनेछ ।
- गाउँपालिकाका कृषि योग्य भूमीमा सिञ्चाइको लागि श्रोतको खोजी गदै नहर, कूलोवाट सिञ्चाई हुन नसक्ने स्थानमा लिफ्ट सिञ्चाइ, पलाष्टिक पोखरी जस्ता कार्यक्रमलाई प्राथमिकता दिई क्रमिक रुपमा सिञ्चाई सुविधा पुर्याइनेछ ।
- सम्भावित नयाँ सिंचाई आयोजनाहरु निर्माण गरी थप जग्गामा सिंचाई सुविधा पुऱ्याई कृषि उत्पादनमा बृद्धि गर्दै जाने नीति अबलम्बन गरिनेछ ।

*(ग ३) भवन तथा शहरी विकास*

- गाउँपालिका क्षेत्रमा नयाँ घर निर्माण गर्दा नक्सापास सहित भवन निर्माण संहिता मापदण्ड २०७२ लाई पूर्ण रुपमा पालना गर्न अभिप्रेरित गरिनेछ । गाउँपालिका घोषणा हुनु अघि बनेका घरहरुलाई समेत गाउँपालिकाले निर्धारण गरेको मापदण्डमा नक्सापास र नियमित गर्न नयाँ घर निर्माणमा लाग्ने सरह शुल्क लिएर मात्र नियमित गरिनेछ । साथै अब उप्रान्त गाउपालिकाभित्र बन्ने घरमा कम्तीमा १ रुख र १ सेफ्टी ट्यांकी अनिवार्य गरिनेछ ।
- गाउँपालिका भित्र रहेका ग्रामीण क्षेत्रलाई क्रमिक रुपमा विकासका पूर्वाधारहरु निर्माण गरी सहरीकरण गरिनेछ ।
- तादी गाउँपालिका क्षेत्रमा रहेको सार्वजनिक जग्गाको अभिलेख तयार गरिनेछ साथै अतिक्रमित सार्वजनिक जग्गा खाली गराईनेछ ।

### *(ग ४)* **उर्जा**

- गाउँबासीलाई सौर्य उर्जा उत्पादनलाई प्रोत्सान गरी उज्यालो गाउँपालिका अभियान सञ्चालन गरिनेछ ।
- गाउँपालिका क्षेत्रका सार्वजनिक चोक तथा धार्मिक स्थलहरुमा सौर्य वत्ति जडान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

### *(ग ५) सञ्चार*

- गाउँपालिकाका सबै वडाहरुलाई प्रविधिमैत्री बनाउन वडा कार्यालयहरुमा आवश्यक जनशक्ति तथा संचार पुर्वाधार ब्यवस्थापनमा जोड दिईने छ ।
- नेपाल टेलिकम लगायत अन्य सेवा प्रदायकसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा गुणस्तरीय मोबाइल फोन तथा इन्टरनेट सेवाको सुनिश्चिता प्रदान गरिनेछ ।

## (घ) वातावरण तथा विपद ब्यवस्थापन :-

### *(घ १) वन तथा भू - संरक्षण*

- गाउँपालिका क्षेत्रभित्रका सबै सामुदायिक बनको संरक्षण गर्न सामुदायीक बन उपभोक्ता समितिलाई क्रियाशिल बनाईनेछ ।

- गाउँ क्षेत्रका सामुदायिक तथा सरकारी वनको संरक्षण गर्दै वृक्षारोपण कार्य अगाडि बढाइनेछ भने आवश्यकता अनुसार जडिबुटी विकास कार्यक्रम तथा भूसंरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

- भिरालो भुबनोटका कारण हुनसक्ने बाढि पहिरो, भुक्षय जस्ता प्रकृतिक प्रकोपको जोखिम लाई न्युन गर्न दिगो भु-संरक्षण नीति अवलम्वन गरिनेछ ।
- डढेलो लगायत वन विनासप्रति नागरिकलाई सचेत गराई वन संरक्षणमा सबैलाई सहभागिता गराइनेछ ।
- सामुदायिक वन व्यवस्थापन नीतिलाई सहयोग पुग्ने खालका कार्यक्रमहरु कार्यान्वयन गरी सामुदायिक वन उपभोक्त समूहहरुको क्षमता विकासका कार्यक्रमहरु ल्याइनेछ ।
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति न्यूनिकरण गर्ने उपाय अबलम्बन गरिनेछ ।

*(घ २) जलाधार संरक्षण*

- वृक्षरोपण र तारवार गरी गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्ने तथा पानी भकारी (प्लाष्टिक पोखरी) निर्माणका लागि आवश्यक योजना संचालन गरिनेछ ।

*(घ ३) वातावरण संरक्षण र जलवायु परिवर्तन*

- **"सफा र सुन्दर तादी : स्वच्छ र हरियाली"** भन्ने नारासहित वातावरण संरक्षणका विविध कार्यक्रमहरु संचालन गरिने छ ।
- जलबायु परिवर्तनको असर तथा विविध कारणले पानीका मुहानहरु सुक्दै जाने स्थिति देखिएको सन्दर्भमा परम्परागत कुवा, धारा पंधेरा जस्ता पानीको श्रोतहरुको बिशेष संरक्षण गरिने छ ।
- जलवायु परिवर्तन अनुकुल क्षमता बढाउन बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- तादी गाउपालिकाका हरेक योजना तथा कार्यक्रमहरुमा वातावरण तथा पर्यावरण र जलवायुमैत्री पूर्वाधार विकासमा जोडदिइनेछ ।
- जलवायु परिवर्तनको प्रभावबाट पर्ने असरहरुबाट बच्ने उपायका सम्बन्धमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ ।

*(घ ४) फोहरमैला तथा ढल व्यवस्थापन*

- विशेष गरी बजार क्षेत्रका घरबाट उत्सर्जन हुने फोहोरलाई गल्ने र नगल्ने गरी दुई भागमा विभाजन गरी फोहोरलाई घरबाट नै दुई भागमा विभाजन गर्न प्रोत्साहन गरीनेछ ।

- यसरी विभाजन गरिएको फोहरमध्ये गल्ने फोहोरबाट कम्पोष्ट मल तयार गरी बालीमा प्रयोग गर्न प्रोत्साहन गरिनेछ भने नगल्ने फोहोरफाई पुनः प्रयोग गर्ने प्रविधिलाई प्रोत्साहन गरिदै लगिनेछ ।
- साझेदार संस्थाहरुसँगको सहकार्यमा प्लाष्टिकजन्य वस्तु वातावरणीय दृष्टिकोणमा हानिकारक हुन भन्ने कुराको चेतना अभिवृद्धि गराउदै यसको विकल्पको खोजी गरी प्रयोग गर्न प्रोत्साहित गरिने छ ।

*(घ ५) विपद व्यवस्थापन*

- बिपद ब्यवस्थापन लाई स्थानीय सरकारको मुख्य जिम्मेवारीको रुपमा लिई विपद ब्यवस्थापन कोषको स्थापना गरिने छ । कोषको रकम बृद्धि गरि प्रभावकारी काम गर्न विपत् क्षेत्रमा काम गर्ने गैह्रसरकारी संघ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- संभावित विपद जोखिम न्यूनिकरणका लागि गाउँपालिकाका सबै वडमा प्राकृति प्रकोप जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपत पश्चात आइपर्ने जोखिमबाट बच्चनका लागि पूर्व तयारी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला निकायहरुसँगको सहकार्यमा विपद व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

*(ङ १) सामान्य सेवा*

- **"स्थानीय सरकार : जनताको नजिकको सरकार"** लाई यथार्थतामा रुपान्तरण गर्न गाउँपालिका बाट प्रदान गरिने सेवालाई छिटो, छरितो नागरिक मैत्री बनाईनेछ ।
- गाउँपालिकाको प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पेशागत, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामुलक बनाउँदै लगिनेछ ।
- गाउँपालिका भित्रका कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गर्ने परीपाटीको विकास गरी पूर्ण जिम्मेवार बहन गर्ने कर्मचारीको उचित मूल्याङ्क गरी पुरस्कृत र नगर्ने कर्मचारीलाई कारवाही गर्ने परिपार्टीको विकास गरिनेछ ।
- गाउँपालिका र वडा कार्यालयहरुका भवन निर्माण कार्य यथासक्य सम्पन्न गरिनेछ ।
- कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकासका लागि आवश्यक तालिम तथा भ्रमणको ब्यवस्था गरिनेछ ।

- भ्रष्टाचार, अनियमिता तथा ढिलासुस्ती प्रति शून्य सहनशीलताको नीति अवलम्बन गरी  संविधान प्रदत्त सूचनाको हक सम्बन्धी कानूनको पूर्ण सम्मान र  पालना गर्दै सार्वजनिक पहूँचको अवधारणामा प्रशासन सञ्चालन गरिनेछ ।

*(ङ २) सुरक्षा व्यवस्थान*

- सकभर कार्यालयमा कार्यरत कार्यालय सहयोगीहरुबाट नै पालो पहराको व्यवस्था मिलाई कार्यपालिका तथा वडा कार्यालयहरुको सुरक्षा गरिनेछ । जनशक्ति अपुग भएमा करार सेवाबाट समेत पालेको व्यवस्था गरिनेछ ।

- गाउँपालिका क्षेत्रभीत्रको सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन ईलाका प्रहरी कार्यालय संग समन्वयगरी सुरक्षा गस्ति बढाइनेछ ।

*(ङ ३) सूचना प्रविधि*

- युवा पुस्तालाई सक्षम र सबल बनाउनका लगि सूचना र प्रविधिको माध्यमबाट लोकसेवा तयारी कक्षा सञ्चालन गरिनेछ ।
- सूचना र प्रविधिको माध्यबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने परिपार्टीको विकास गरिनेछ ।
- गाउँपालिका र वडा कार्याहरुलाई सूचना मैत्री कार्यालयको रुपमा विकास गर्निछ ।

*(ङ ४) पञ्जिकरण*

- ब्यक्तिगत घटना दर्ता प्रणाली लाई कम्प्युटराईज्ड प्रणालीमा आवद्ध गरी बैज्ञानिक अभिलेख पद्धती संचालनमा ल्याईने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई ब्यवस्थित गर्न बैङ्किङ प्रणालीमा आवद्ध गराईनेछ,

*(ङ ५) स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन*

- गाउँपलिकाको समग्र सूचना संकलन गरी गाउँपालिकाको पाश्वचित्र बनाई अद्यावधिक गर्दै लगिनेछ ।
- विगत गाविस हुंदा बखतदेखिका अभिलेखहरुलाई कम्प्युरकृत गरी सुरक्षित राख्ने प्रयत्न    गरिनेछ ।

*(ङ ६) सुशासन प्रवर्द्धन*

- गाउँपालिकाका कार्यहरुलाई पारदर्शि बनाईने छ । डिजिटल नागरिक वडापत्र, गुनासो सुन्ने प्रभावकारी संयन्त्रको ब्यवस्था गरी नागरीकलाई सुशासन को अनुभुति दिलाउने गरी कार्य संचालन गराईने छ ।
- गाउँपालिका द्धारा संचालित योजना तथा कार्यक्रममा ब्यापक जनसहभागिता परिचालन गरिने छ । योजना संचालनमा अनिवार्य रुपमा स्थानीयको लागत सहभागिता गर्नुपर्ने नीति अवलम्वन गरिने छ ।
- प्रत्येक योजना तथा कार्यक्रममा उपभोक्ताहरुको छुट्टै अनुगमन समिति, प्रत्येक वडामा वडा समिति र गाउँपालिकामा गाउँपालिका उपअध्यक्षको संयोजकत्वमा गठित अनुगमन समिति गरी तीन तहको अनुगमन संयन्त्रवाट सवै योजना तथा कार्यक्रमहरुको अनुगमनको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका सबै वडा कार्यालयमा सेवाग्राहीले सहज र सरलरुपमा नागरिक बडापत्र देख्ने गरी नागरिक बडापत्र टाँस गरिनेछ । नागरिक बडापत्रका बारेमा सेवाग्राहीलाई सचेत गरिदै लगिनेछ ।
- सूचनाको हक सम्बन्धी कानून बमोजिम सेवाग्राहीले मागेका विवरणहरु समयमै उपलब्ध गराइनेछ ।
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परिक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।

*(ङ ७) अनुसन्धान, विकास र विविध*

- पूर्णिमा कार्यक्रमको प्राविधिक सहयोगमा तयारीको अन्तिम चरणमा रहेको आवधिक गाउँ विकास योजना पूर्ण रुपमा कार्यान्व्यन गरिनेछ ।
- यातायात गुरुयोजना तर्जुमा गर्न पहल गरिनेछ ।
- गाउपालिकाको समग्र विकासका लागि सामाजिक संघ संस्थाहरुसंगको सहकार्यलाई जोड दिइनेछ । गाउँपालिकामा कार्यक्रम स्वीकृत गराएका संघ सस्थाहरुसंग आवश्यक सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गरिनेछ भने, गाउँपालिकामा समन्वय नगरी यसक्षेत्रमा कार्यक्रम सञ्चालनको लागि रोक लगाइनेछ ।
- गाउँको आन्तरिक आय अभिबृद्धि गर्न आन्तरिक आय सुदृढीकरण कार्य योजना अनुरुप करको दायरालाई बढाउँदै सहभागितामूलक करनीति अवलम्बन गरिनेछ ।
- स्थानीय सरकार सञ्चालनको मूल आधार स्थानीय आय भएकाले गाउँबासी, उद्योग वाणिज्य संघ, स्थानीय विद्यालय तथा क्याम्पसहरुसँग सहकार्य गरी कर सचेतना तथा अभिबृद्धि कार्यक्रम मार्फत कर अभियानलाई अघि बढाइनेछ ।

**सभाका सदस्य ज्यूहरु,**

अब म गत आ.व. को यथार्थ खर्च, चालु आ.व. को संशोधित अनुमान र आगामी आ.व. २०७६/०७७ को आय र ब्ययको अनुमान प्रश्तुत गर्ने अनुमति चाहान्छु ।

यस गाउँपालिकाको गत आ.व. २०७५/०७६ मा नेपाल सरकार, प्रदेश सरकार, राजश्व बांडफांड र अन्तरिक श्रोतवाट कुल प्राप्त २८ करोड ३१ लाख ८१ हजार रकम अनुमान गरिएको मध्ये २७ करोड ९२ लाख ८१ हजारको संशोधित अनुमान पेश गरेको छु । यो शंशोधित अनुमान प्रदेश सरकारको शर्शत कार्यक्रममा घटेर आएको हो ।

**सम्मानित सभाका सदस्य ज्यूहरु :-**

आगामी आ.व. २०७६/०७७ को लागि कुल रु ३० करोड ९५ लाख ४४ हजार को आय ब्यय अनुमान पेश गरेको छु । यो रकम मध्ये आन्तरीक स्रोत तर्फ बिभिन्न कर तथा शुल्क संकलनबाट रु १ करोड ६ लाख ९३ हजार र गत बर्षको मौज्दात बाट रु ५० लाख गरी रु १ करोड ५६ लाख ९३ हजार अनुमान गरिएको छ । त्यसै गरी राजस्व बांडफांड ( केन्द्र, प्रदेशर जिल्ला) बाट ६ करोड ७४ लाख ५५ हजार, बित्तीय समानीकरण अनुदान ( प्रदेश तथा केन्द्र) ८ करोड ७९ लाख ३६ हजार र सशर्त अनुदान (प्रदेश तथा केन्द्र) बाट १३ करोड ८४ लाख ६० हजार प्राप्त हुने अनुमान पेश गरेको छु । त्यसैगरी ब्यय तर्फ चालु प्रशासनिक खर्च ३ करोड ८८ लाख ३३ हजार, पुँजीगत प्रशासनिक खर्च २ करोड ७० लाख, वडा स्तरीय कार्यक्रमहरुको लागि ३ करोड ३० लाख, गाउँपालिकास्तरीय योजनाको लागि ७ करोड ८४ लाख ५० हजार खर्च हुने अनुमान पेश गरेको छु । यसका साथै सशर्त तर्फको रु १३ करोड, ८४ लाख, ६० हजार तोकिएर आए बमोजिमका कार्यक्रममा खर्च गर्नेगरी ब्यय अनुमान पेश गरेकोछु ।

सम्मानित सभाका सदस्य ज्यूहरु :-

**अब म तादी गाउँपालिका भित्र कार्यक्षेत्र बनाई कार्यक्रम संचालन गरिरहेका विकास साझेदारहरुको आ.व. ०७६।७७ को वार्षिक कार्यक्रम तथा बजेटको सारांश :**

| क्र. सं. | संस्थाको नाम | कार्य क्षेत्र | क्रियाकलापहरु | आ.व. ०७६।७७ को वार्षिक बजेट रु. ००० | कैफियत |
|---|---|---|---|---|---|
| १ | सप्रोस नेपाल | सबै वडामा | पूर्णिमा सम्बोधन परियोजना, सामाजिक समावेशीकरण तथा जीविकोपार्जन | ८४२९ | पूर्णिमा कार्यक्रम मार्फत |
| २ | नुवाकोट उद्योग वाणिज्य संघ | सबै वडामा | निर्माणकार्यसँग सम्बन्धित व्यवसायिकहरुको क्षमता | ९०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | विकास | | |
| ३ | कार्डसन/अक्सफाम | वडा नं. १ र ३ | खानेपानी योजना संचालन | १४३०० | बजेट यकीन भै नसकेको |
| ४ | सुआहारा कार्यक्रम | सबै वडामा | स्वास्थ्य, पोषण, कृषि, सरफाई जस्ता जनचेतनामूलक कार्यक्रमहरु | ५०० | |
| ५ | शक्ति समूह | वडा नं. २ | जोखिममा परेका र पर्न सक्ने व्यक्तिहरुका लागि जनचेतना कार्यक्रम संचालन, | ४३५ | |
| ६ | रुडेक, रुम टु रिड | सबै वडामा | विद्यालयस्तरीय क्षमता विकास सम्बन्धी कार्यक्रमहरु | ८९४ | |
| ७ | वन हार्ट, वर्लड वाईड | सबै वडामा | स्टाफ क्यापासिटि विल्डीङ, वर्थिङ सेन्टर ईम्प्रुभमेण्ट प्लान, स्वास्था संचालन तथा व्यवस्थापन समितिको अभिमुखीकरण कार्यक्रम | | निड बेसमा |
| ८ | केयर नेपाल / ग्यारखुटार युथ कल्ब नेपाल सम्मान प्रोजेक्ट | सबै वडामा | स्टाफ क्यापासिटि विल्डीङ, वर्थिङ सेन्टर ईम्प्रुभमेण्ट प्लान, स्वास्था संचालन तथा व्यवस्थापन समितिको अभिमुखीकरण कार्यक्रम, स्कोर वोर्ड | | निड बेसमा |
| **जम्मा** | | | | २५४५८ | |